नगर सन्देश
कीर्तिपुर नगरपालिका विश्व नगरबाशीहरू
भीगु किपू स्वच्छ किपू
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अङ्क २५ ● ने.सं. ११४० बछलाथ्व १२ (द्वादशि) ● वि.सं. २०७७ बैशाख २२ गते, सोमबार ● 2020 May 4 Monday ● पृष्ठ ८
अनलाइन संस्करण

# लकडाउनको समयमा विकास निर्माण कार्य शुरू

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड -१९) को कारण नेपालमा पनि गत चैत्र ११ गते देखि देशभरि नै लकडाउन गरिएको छ। लकडाउनकै कारण देश नै ठप्प भैरहेकोले कीर्तिपुर नगरपालिकामा पनि विकास निर्माण कार्यका साथै सम्पूर्ण सेवाहरू ठप्प भएको थियो।

लकडाउन पहिलो पटक चैत्र १८ गतेसम्म मात्र भनिए तापनि नेपाल सरकारले पटक पटक थप्दै हाल बैशाख २५ गतेसम्मका लागि घोषणा गरिएको छ। यो लकडाउन अझै लम्बिने सम्भावना रहने कुरालाई मध्यनजर गर्दै कीर्तिपुर नगर पालिकाले आफ्ना विकास निर्माणका कार्यहरूलाई समाजिक दुरी कायम गर्दै विस्तारै पुनः शुरु गरेको छ।

यसै सन्दर्भमा वडा नं. १ र २ मा पर्ने बल्खु करिडोरका बाँकी कामहरू सुचारु भएको छ भने चन्द्रागिरि न.पा. वडा नं. १५ र कीर्तिपुर न.पा. वडा नं. १ र २ को सिमाक्षेत्रमा रहेको बल्खु खोला सफाइ गर्नेदेखि गःछैंमा ब्लक छाप्ने काम र गःछैं सुकर्म मार्गमा ढलान गर्ने काम सुचारु गरेको छ।

त्यसैगरी वडा नं. २ र ३ मा पर्ने साथै चन्द्रागिरि नगरपालिका जोड्ने दीखु तां (मितेरी पुल)को काम पनि पुनः सुचारु भएको छ। वडा नं ६ मा पर्ने लनग्वः (छाप) मा खानेपानीको ट्यांकी निर्माणको शिलान्यास भएको छ भने थापा गाउँको बाटो बनाउने काम पनि सुचारु भएको छ। क्वाःरको चपाःछैं निर्माणका साथै आफ्नै वडा भवन बनाउने कामले पनि गति पाएको छ। वडा भवन बनाउनको लागि आवश्यक टेण्डर प्रकृया पूरा भइसकेको छ भने लकडाउनकै कारण स्थगित रहेको हो। उक्त भवन करीब अढाइ करोडको बजेटमा निर्माण हुन लागेको हो।





वडा नं ७ मा पर्ने यरवःचा (इटागोल) देखि चोभारजाने बाटो बनाउने काम पनि शुरु भएको छ भने स्टील ट्यांकीको बाटोमा ब्लक छाप्ने कार्य पनि पुनः शुरु भएको छ।

कीर्तिपुर नगरपालिकाको वडा नं. १० मा पर्ने छ्याकः ल्वहँको मुनितिर बनाइरहेको ऐतिहासिक कीर्तिपुर यद्ध स्मृति पार्कको काम पनि सुचारु भएको छ भने नगर पालिकाको नयाँभवन जोडिएको बाटोमा पनि ढलान गर्ने कार्य भएको छ।

यसरी लकडाउनको समयलाई पनि विस्तारै नेपाल सरकारको नियमभित्र बसी आवश्यक सामाजिक तथा भौतिक दूरी कायम गरी स्थानीय सरकारको अत्यन्त महत्त्वपूर्ण काम विकास निर्माणका कार्यहरू कीर्तिपुर नगरपालिकाले सुचारुरुपमा गरिरहेको छ भने अन्य कामहरूलाई पनि आवश्यकतानुसार गर्दै सहज गर्दै जाने नगरपालिकाले बताएको छ।

## सम्पादकीय

# कीर्तिपुर नगरपालिकाले चाल्नु पर्ने अबको कदम

कोभिड–१९ को महामारीले विश्व आक्रान्त रहेको यो बेलामा पनि लकडाउन लगायतको सरकारको नीति निर्देशनको पूर्ण पालना र कार्यान्वयन एवम् जनताको साथ र सहयोगमा कीर्तिपुर नगरपालिका पूर्ण सुरक्षित रहेको छ। यो हामी सबैको लागि खुसी र सुखद् कुरा हो। आगामी दिनमा पनि कीर्तिपुर नगरपालिकाले समेत संघीय सरकार र जनताबाट यस्तै साथ र सहयोगको अपेक्षा गरेको छ। यद्यपि कोरोना भाइरसको महामारीबाट कीर्तिपुरलाई सुरक्षित राख्नका लागि गरिएको लकडाउनको यस कष्टपूर्ण अवधिमा पनि राहत वितरण, विकास निर्माण, समाजलाई सुरक्षित राख्ने कदम लगायतका कार्यले कीर्तिपुर नगरपालिका र यसको नेतृत्व चर्चाको शिखरमा नै रह्यो।

यसरी कीर्तिपुरमा हाल बसोबास गरिरहेको कीर्तिपुरका स्थानीय जनता र कीर्तिपुरलाई विभिन्न प्रकारले कर्म थलोको रुपमा अपनाई यहाँ अस्थायी रुपले बसोबास गरिरहेको नेपाली दाजुभाई दिदी बहिनीहरू सुरक्षित रहनसक्नु हामी सबैको लागि खुसीको कुरा हो। यस्तो परिवेशमा कीर्तिपुरले अब विश्वका विभिन्न देशमा घुमफिर, रोजगारी तथा अध्ययनको क्रममा गएका तर हाल नेपाल फर्कन चाहेर पनि लकडाउनका कारण नेपाल आउन नपाएका आफ्ना नागरिकहरूको तथ्याङ्क सङ्कलन गर्ने र अप्ठेरोमा परेकाहरूको उद्धार गर्ने कार्यका लागि संघीय सरकारलाई दबाब दिनु जरुरी रहेको छ। किनभने हाल कीर्तिपुरमा बसोबास गरिरहेकाहरूको जीवन रक्षा मात्र कीर्तिपुरको दायित्व होइन, रहरले होस् वा बाध्यताले अध्ययन, रोजगारी वा घुमफिरका लागि कीर्तिपुर बाहिर पुगेका कीर्तिपुरेको पनि कीर्तिपुरले जिम्मेवारी लिनु जरुरी छ। यसो गर्न सके यहाँ बसोबास गरिरहेकाहरू मात्र होइन बाहिर बसिरहेकाले पनि नगरपालिकालाई आफ्नो अभिभावक मान्ने थिए।

तथ्याङ्क सङ्कलन पछि उद्धारको पहल गर्दा सबभन्दा समस्याग्रस्त स्थानबाट प्राथमिकता निर्धारण गर्नु जरुरी छ र तिनलाई नेपाल ल्याइसकिए पछि सुरक्षित रुपमा क्वारेन्टाइनमा राख्ने कार्य चाहिँ नगरपालिका आफैंले गर्न सक्ने नै छ। यसो गर्न सकिए जसरी विगतका विभिन्न आन्दोलन एवम् राष्ट्रिय सङ्कटका बेलामा कीर्तिपुर सबैको लागि आदर्श उदाहरण बन्थ्यो, यस पटकको विश्वव्यापी महामारीको सङ्कटको बेलामा पनि कीर्तिपुर नेपालका बाँकी सबै स्थानीय सरकारको अगुवा बन्ने थियो। तसर्थ बेलैमा नगर सन्देश परिवार यस तर्फ ध्यान दिन र आफ्नो सम्पूर्ण संयन्त्र परिचालन गर्न नगरपालिका नेतृत्वलाई हार्दिक अनुरोध गर्दछ।

# कोरोना महामारीले नेपालमा ब्युँताएको कृषिको अपरिहार्यता - २

**गणेश बहादुर थापा (थापा काजी)**

विश्वभरि सन्त्रास छाएको कोरोना महामारी कै कारण हामी र हाम्रो गाँस बास र कपासमा प्रत्यक्ष दोहोरो सरोकार रहेका दुई ठूला मुलुक चीन र भारत पनि यति बेला यस रोगबाट अझ बढी ग्रसति भएका छन्। सुरक्षाको बाध्यात्मक कारणले दुबै देशबीचका ब्यापारिक नाका अनिश्चित समयका लागि बन्दाबन्दी नै छन्। यसरी लकडाउन अघिसम्म नियमितरुपमा आयात भइरहेका खाद्यवस्तु (तरकारी समेत) कोरोना रोगको नाकाबन्दीले रोकिएका छन् भने यो अवस्था अनिश्चितकालसम्म लम्बिन सक्ने हुँदा खाद्यवस्तुको अभाव हुने निश्चित छ। यही अवस्थाले गर्दा हामीले हाम्रो बजारबाट किनेर नै जीविकोपार्जन गर्ने बानी र दैनिकीको विकल्प तत्काल खोज्नु पर्ने अपरिहार्यता भएको छ। अन्याथा हामीसँग नगद पैसा हुँदा हुँदै पनि किनेर खान पाउने अवस्था समेत नरहन सक्छ। कोरोनाकै कारण हाम्रो देश समेत पूर्णरुपमा लकडाउनमा रहेको र त्यसबाट बच्ने एक मात्र उपयुक्त उपाय Lock Down (बन्दाबन्दी) नै भएकाले लकडाउनको समय अनिश्चितकालीन हुनसक्छ। यसरी लामो समयको बन्दाबन्दीमा सुरक्षाको बाध्यात्मक कारणले मानिसले घरभित्रै बस्नुर्पने हुदाँ मानिसमा बेचैनपन आउने, दिकदारी महसुस हुने, आफ्नो जीवनदेखि आफैलाई वितृष्णा लाग्ने, बिभिन्न प्रकारका मानसिक असन्तुलन, डिप्रेसन तथा मनोत्रास जस्ता थुप्रै स्वास्थ्यगत समस्याहरू आउन सक्छन्। यी र यस्ता समस्याहरूबाट समेत बँच्न आफूले आफैलाई केही न केही काममा व्यस्त राख्नु पर्ने हुन्छ। यसको उपयुक्त उपाए र विकल्प कृषि पेशा नै हो।

### मेरो धारणा

**यसरी लामो समयको बन्दाबन्दीमा सुरक्षाको बाध्यात्मक कारणले मानिसले घरभित्रै बस्नुर्पने हुदाँ मानिसमा बेचैनपन आउने, दिकदारी महसुस हुने, आफ्नो जीवनदेखि आफैलाई वितृष्णा लाग्ने, बिभिन्न प्रकारका मानसिक असन्तुलन, डिप्रेसन तथा मनोत्रास जस्ता थुप्रै स्वास्थ्यगत समस्याहरू आउन सक्छन् ।**



भनिन्छ, अनिकालमा बिउ जोगाउनु र सङ्कटमा जीउ जोगाउनु। बाँच्न पाउँनु प्रत्येक मानवको आधारभूत अधिकार पनि हो। जो कोही मान्छेले सरल र सहज किसिमबाट बाँच्न पाउनु पर्छ। यसका लागि भोक लागेको बेला खाना खानु नै अनिवार्य आवश्यकता हो। जुन खाने कुरा कृषिबाटै प्राप्त गर्न सकिन्छ। अर्थात मानिस जातिको बाँच्ने आधार नै कृषि हो। देशको कूल जनसङ्ख्याको ७० प्रतिशत भन्दा बढी जनसङ्ख्या कृषि मै आश्रित भएको अवस्था, हिमालदेखि तराईसम्म फैलिएको भौगोलिक संरचनामा विविध किसिमको हावापानी, माटो, जमिन, पर्यावरण बिद्यमान अवस्था कृषिका विविध क्षेत्र खाद्यान्न, फलफूल,पशुपालनका लागि बरदान सावित हुन सक्छ। यसरी आफ्नै स्वदेशमा उपलब्ध यस्तो बरदानलाई मध्यनजर गरी स्वाभिमानी देशका हामी स्वाभिमानी नागरिक भएर बाँच्ने र बचाउने प्रमुख पेशा र श्रोतमा कृषि नै उचित विकल्प हो। नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा सञ्चार केन्द्रको तथ्याङ्कका अनुसार नेपालको कूल क्षेत्रफल मध्ये बन जङ्गगले (झाडी १,५६० हे. सहित) ५८ लाख २८ हजार हेक्टर, चरन खर्कले १७ लाख ६६ हजार हेक्टर, पानीले ३ लाख ८३ हजार हेक्टर र अन्य क्षेत्रले २६ लाख २० हजार हेक्टर ओगटेकोमा ३० लाख ९१ हजार हेक्टर खेती गरिएको जमिन र १० लाख ३० हजार हेक्टर खेती नगरिएको खेती योग्य जमिन रहेको पाइन्छ।

***क्रमशः***

*(लेखक कीर्तिपुर नगरपालिकाका कृषि शाखा प्रमुख हुन्।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कोरोना सङ्क्रमणमा कीर्तिपुर सुरक्षित



कोरोना भाइरस (कोभिड–१९) को महामारीका कारण नेपाल सरकारले पूरै नेपाललाई लकडाउन गरिरहेको समयमा पनि विभिन्न तरिकाले विभिन्न व्यक्तिहरू कीर्तिपुर आएका छन्। लकडाउन अवधिकै समयमा बाहिर जिल्लाबाट कोही कोही त अत्यावश्यक साधन एम्बुलेन्स प्रयोग गरेर समेत कीर्तिपुर आएका छन् भने हालसम्म कीर्तिपुरमा बाहिर जिल्लाका साथै विदेशबाट समेत गरी करीव ११० जना व्यक्तिहरू आइसकेका छन्।

कीर्तिपुरमा यस अवधिमा जोरपाटी, पोखरालगायत पाँचथर, नुवाकोट, अछाम, जाजारकोट, बागलुङ्ग जिल्लाबाट आएका छन् भने देशभन्दा बाहिर अमेरिका, अष्ट्रेलिया, कतार, चीन, कुवेत, जर्मनी, जापान, यूएई (दुबई), बङ्लादेश, मकाउ, भारत, साउदी अरब र सेसेल्सबाट समेत आएका थिए।

कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखाबाट ती सबै व्यक्तिहरूको स्वास्थ्य जाँच गर्ने कार्यक्रम समेत पूरा गरिसकेको छ। गत चैत्र २४ गतेदेखि घर घरमा स्वास्थ्यकर्मी गई स्वास्थ्य जाँच गर्ने सूचना नै प्रकाशित गरी सम्पूर्णको स्वास्थ्य जाँच गरेको थियो। चैत्र २६, २९ र बैशाखको ३ गते सम्ममा सबैको घरघरमा गई सामान्य जाँच गरेको थियो भने बैशाखको २ गतेदेखि ६ गते सम्म सबैजनाको RDT (Rapid Diagnostic Test) गरेको थियो। जसमा सबैको रिपोर्ट Negative नै आएको हो।

स्वास्थ्य शाखाबाट गरिएको यस जाँचको रिपोर्ट अनुसार कीर्तिपुर पूरै कोरोना सङ्क्रमणबाट सुरक्षित रहेको पाईन्छ। तथापि बाहिर संङ्क्रमित भइरहेको जिल्लाबाट काठमाडौँमा मानिसहरू आइरहेको सन्दर्भमा नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई पूरै पालना गर्नुपर्ने हुन्छ। यसलाई वेवास्ता गरिए सुरक्षित भनेको ठाउँमा पनि सङ्क्रमित भई महामारी फैलिदैन भन्न नसकिने भएकोले सबैजना आ-आफ्नै ठाउँमा सुरक्षित हुनु नै सबैको बुद्धिमानी हुन्छ।

## कीर्तिपुर नगरपालिकाको
## अत्यन्त जरुरी सूचना

**विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरुलाई तुरुन्त सम्पर्क गर्नुहन हार्दिक अनुरोध गर्दछ ।**

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

**साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।**

# कीर्तिपुर नगरबासीमा हार्दिक अनुरोध



केही दिन अघिदेखि कीर्तिपुरको त्रिभुवन विश्वविद्यालय परिसरमा चितुवा देखिएकोले सावधान रहन हार्दिक अनुरोध गर्दै कोही पनि विहान सबेरै र साँझपख अथवा सुनसान समयमा सो स्थानमा एक्लै नहिड्न समेत अनुरोध गरिन्छ।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर

# घुम्ती फलफुल तथा तरकारी बिक्री सम्बन्धी सूचना

विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै यस कीर्तिपुर नगरपालिकाभित्र साइकल, ठेलागाडा तथा टोकरीमा डुलेर फलफुल तथा तरकारी लगायत अन्य सामग्रीहरू सम्बन्धित वडाको अनुमति विना बिक्री वितरण गर्ने गरेको देखिएकोले सो कार्य तुरुन्त रोक्नु हुन अनुरोध गरिन्छ। साथै टाटा मोवाइल, भ्यान जस्ता सवारी साधनमा बिक्री वितरण गर्नेले सम्बन्धित वडा कार्यालयबाट स्विकृती लिएर मात्र बिक्री वितरण गर्नु हुन समेत अनुरोध गरिन्छ। अन्यथा नियमानुसार कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर

## कोरोना भाइरसबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।



# किपू नगरपालिकाया 'आकस्मिक कोषय्' जिन्सि लिसें दां ग्वहालि या:गुया छुं छुं किपा

## (ल्यं दनिगु किपा त मेगु अङ्कय् छसिंकथं पिथनेगु जुइ ।)





















**सम्पदा संरक्षण :** कीर्तिपुर नगरपालिका वडा नं. ३ समलबाट दीखु जाने बाटोको छेउमै पुरिएको ग्वाःपुखू (पोखरी) लाई सफा गर्दै। लकडाउनको समयलाई सदुपयोग गर्दै वडा नं. ३ ले सम्पदा संरक्षणमा जोड दिएको छ। उक्त ग्वाःपुखूको पानी पहिले पहिले खाने गरेको स्थानीय सुविन्द्र नारायण महर्जनले बताउनुभएको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

## कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

## कीर्तिपुर नगरपालिकाको अनुरोध

कोरोना महामारीको सामना गर्न निम्न कुराहरू पालना गरिदिनु हुन सम्पूर्ण नगरबासीहरूमा हार्दिक अनुरोध गर्दछ।

१. एउटा घरबाट एक जना मात्र बजारमा सामान किन्न निस्कनु हुन।

२. बजारमा सामानहरू (तरकारी आदि किन्दा) कम्तीमा पनि ३/४ दिनसम्म पुग्ने गरी किन्नु हुन।

३. बजारमा सामानहरू बिहान ६ बजेदेखि ८ बजेसम्म र साँझ ६ बजेदेखि ८ बजेसम्ममा किनिसक्नु हुन।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर




## कीर्तिपुर नगरपालिकाको हार्दिक आह्वान

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमणबाट समस्त नेपालीहरुलाई बचाउन नेपाल सरकारले मिति २०७६/१२/११ गते देखि लक डाउन गरेको कारणबाट यस कीर्तिपुरमा बसोबास गर्ने दैनिक ज्यालामा काम गर्ने श्रमिक वर्ग तथा स्थानीयवासीलाई दैनिक जीवन यापनमा समेत समस्या देखिन आएको महशुस गरी नेपाल सरकारले कोहि पनि भोको नहोस् भन्ने अपेक्षा सहित राहतको कार्यक्रम घोषणा गरिसकेको सन्दर्भमा आवश्यक परिवारलाई खाद्यान्न /राहतको व्यवस्थापन गर्नका लागि कीर्तिपुर नगरपालिकाले रु.५० लाखबाट " आकस्मिक राहत कोष २०७६" स्थापना गरेको छ । सो कोषमा जम्मा हुने रकमको खर्च गर्ने कार्यविधि समेत तयार भैसकेकोले सहयोग गर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, गैरआवासीय नेपाली, स्वदेशी विदेशी दाता निकाय, उद्योग, व्यवसायी, पेशाकर्मी, नागरिक समाज, संचार जगत, राजनैतिक दल, धार्मिक तथा परोपकारी संघसंस्था, निर्वाचित जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरु लगायत आम सर्वसाधारणमा कीर्तिपुर नगरपालिका हार्दिक आह्वान गर्दछ। साथै विश्वव्यापी विपत्तिको यस घडिमा आर्थिक/ नगद सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, कीर्तिपुर शाखाको खाता नं.१७००३०४०३८३०३ मा नगद जम्मा गरिदिनुहुन र वस्तुगत वा खाद्य लगायतका सामग्री सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले नगरपालिकाको विपद् व्यवस्थापन शाखामा सम्पर्क गरी सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| ................................ | ................................ |
| सरस्वती रिजाल खड्का | रमेश महर्जन |
| उप-प्रमुख | प्रमुख |
| सम्पर्क नं.९८५११९७८११ | सम्पर्क नं.९८५१०२५१२५ |

# सामुदायिक विद्यालयहरुलाई जरुरी सूचना

यस नगरपालिकामा रहेका सबै सामुदायिक विद्यालयहरूले tuki software मा कक्षा १ देखि १२ सम्मका सबै बिषयहरूको प्रयोगात्मक तथा सैद्धान्तिक प्राप्ताङ्कहरू यथाशीघ्र entry गरिदिनुहुन सम्बन्धित सफ्टवेयर कम्पनीबाट अनुरोध भई आएकोले यो सूचना प्रेषित गरिएको छ।

**कीर्तिपुर नगरपालिका**
**शिक्षा शाखा**

# कीर्तिपुर नगरपालिका

## कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७००३०४०३८३०३**

# यो साता आकस्मिक कोषमा १७ लाख ८४ हजार सहयोग प्राप्त

## बागमती प्रदेशबाट रू. १२ लाख सहयोग प्राप्त

कीर्तिपुर नगरपालिकाले स्थापना गरेको आकस्मिक राहत कोषमा यो साता मात्र रु.१७ लाख ८४ हजार २ सय १७ जम्मा भएको छ । विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण नेपाल सरकारले पूरै नेपाललाई लकडाउन गरेकोले कीर्तिपुर नगरभित्र असङ्गठित क्षेत्रमा कार्य गर्ने तथा विपन्न वर्गलगायत कोही पनि भोकै नपरुन् भनी कीर्तिपुर नगरपालिकाले राहत वितरण गर्न यो आकस्मिक कोषको स्थापना गरेको थियो ।

शुरुमा नगरपालिकाले रु. ५० लाख राखी सञ्चालन गरेको उक्त राहत कोषको लागि राष्ट्रिय बाणिज्य बैंक, टेकुमा "कीर्तिपुर नगरपालिका आकस्मिक कोष" नामक खाता खोली सञ्चालन गरेको हो । खाता नं. १७००३०४०३८३०३ रहेको उक्त आकस्मिक कोषमा सहयोग गर्न नगरपालिकाले सर्वसाधारणहरूसँग अनुरोध समेत गरेको थियो । पछि नगरपालिकाले १ करोड दाखिला गरेको थियो ।

दुई पटकसम्म राहत सामग्री समेत वितरण गरिसकेको छ भने तेश्रो चरणमा पनि राहत वितरण गर्ने तयारी गरिरहेको अवस्थामा यस साता बागमती प्रदेश सरकारले रु.१२ लाख सो कोषमा सहयोग गरेको छ ।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विभिन्न संघ संस्थाहरुबाट प्राप्त सामानको विवरण**

| क्र.स. | संघ संस्था | चामल (के.जी.) | दाल (के.जी.) | तेल (के.जी) | नून (प्याकेट) | बाल्टीन ठूलो | Contact less handwashing stations | Liquid Handwash | साबुन | मास्क | कम्बल | पिपिई | चिउरा | चिनी (केजी) | रुमाल | सानो बाल्टीन | मग | Toilet Pan Set | Infrared Thermo meter | Gogles | Automedc Dispenser |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिखरदीप सहकारी संस्था | ९००० | १३०० | ७५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | श्री गुरुड | ५०० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | तारामण्डल महिला सशक्तिकरण | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | Tsoknyi Nuns Welfare | २५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | China Foundation for Poverty Alleviation, CFPA | ० | ० | ० | ० | १५ | ० | १५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | World Vision | १०५० | १९३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | मिथिन नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ४०० | ३५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | कीर्तिपुर सहकारी सञ्जाल | २५०० | ० | ० | ० | ० | ० | ० | ० | १५००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | नेपाल रेडक्रस सोसाइटी, कीर्तिपुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | राष्ट्रीय अविष्कार केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | राराहिल फाउण्डेशन | ० | ० | ० | ० | ० | ० | १३२ | ० | २५ | ० | ४५ | ० | ० | ० | ० | ० | ० | १६ | ४० | २ |
| १२ | गुथि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | Water Aid | ० | ० | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | UNDP | ० | ० | ० | ० | ० | ० | ० | ० | ५००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | कीर्तिपुर नगर उद्योग वाणिज्य संघ | १५०० | ५० | ५० | १०० | ० | ० | ० | ६४ | ० | ० | ० | ४० | १०० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | नेपाल कम्युनिष्ट पार्टी नेकपा, कं क | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० | ४० | १०० | ० | ० | ० | ० | ० | ० | ० |
| १७ | लुमन्ति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६० | १६० | १६० | १२ | ० | ० | ० |
| १८ | कीर्तिपुर मियोन मण्डली, कीनपा-३ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १९५५० | १५४३ | ८१० | १०० | १५ | ७ | १४७ | ४६४ | २०३७५ | ५० | १०० | ८० | २०० | १६० | १६० | १६० | १२ | १६ | ४० | २ |

## आकस्मिक कोषमा नगद सहयोग गर्नु हुनेको नामावली

३२. बागमती प्रदेश सरकार – रु. १२,००,०००/-
३३. Whoopee Land, Kirtipur-6 – रु. १,५०,०००/-
३४. निरु डंगोल, कालिमाटी – रु. १,००,०००/-
३५. कीर्तिपुर मण्डली संगती – रु. ५०,५५०/-
३६. सुदर्शन विष्ट, कीर्तिपुर-४ – रु. ५०,०००/-
३७. राराहिल मेमोरियल स्कुल, वडा नं ९ – रु. ५०,०००/-
३८. ओम प्रकाश नेपाल र शान्त प्रकाश खड्का, की.न.पा.- ६, नेपाल टोल – रु. ३०,०००/-
३९. सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., ललितपुर – रु. ३०,०००/-
४०. सहरथी सूर्यराज शर्मा, की.न.पा. १० – रु. २५,०००/-
४१. पांगा माध्यमिक विद्यालय, वडा नं. ८ – रु. २५,०००/-
४२. कीर्तिपुर जेसिज – रु.१४,०००/-
४३. रुद्रान्जु फाउण्डेशन – रु. ११,१११/-
४४. सूर्य बुढाथोकी, की.न.पा.-६, चारघर – रु. १०,५५५/-
४५. बिचाः ग्रुप – रु. १०,००१/-
४६. नन्द कुमारी महर्जन (नानी मिस) – रु. १०,०००/-
४७. विश्वमणि दुवासे, कीर्तिपुर -३,धःपा – रु. ५,०००/-
४८. कृष्ण प्रसाद अधिकारी, कीर्तिपुर-३, धःपा – रु. ५,०००/-
४९. किरण कुमार महर्जन, किपू-१, बाकुनन्नी टोल (हाल किपू-४, फयखानगर) – रु. ५,०००/-
५०. लिला बहादुर शाही, कीर्तिपुर-८ – रु. ३,०००/-

*(३१ नं. सम्म अघिल्लो अङ्कमा प्रकाशित भइसकेको छ ।)*

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com